# हुप्सेकोट गाउँपालिका

## आर्थिक वर्ष २०८२/०८३

# नीति तथा कार्यक्रम

५ असार २०८२

**सभाका सदस्यहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लक्ष्य हासिल गर्न हुप्सेकोट गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा खुसी व्यक्त गर्दछु।

लोकतन्त्र, अग्रगामी परिवर्तन तथा हालसम्मको राजनीतिक उपलब्धीका लागि पटक पटकको ऐतिहासिक जनआन्दोलन, त्याग, संघर्ष र जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता पारिएका, द्वन्द्व पिडीत, घाईते तथा अपाङ्गता भएका व्यक्तिहरु प्रति उच्च सम्मान सहित स्मरण गर्दछु।

स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको तीन वर्ष पुरा भएको छ। यस अवधिमा यस गाउँपालिकाको शासन, विकास र सेवा प्रवाहमा सहयोग पुऱ्याउने संघ तथा प्रदेश सरकार, राष्ट्रसेवक कर्मचारी, सम्पुर्ण गाउँबासी एवम् सरोकारवाला निकायलाई धन्यवाद ज्ञापन गर्दछु।

**सभाका सदस्यहरु,**

सुशासन, सामाजिक न्याय, आर्थिक समृद्धि, गरिबी निवारण, रोजगारी सिर्जना र उद्यमशीलता विकास सहितको समाजवादउन्मुख समृद्ध हुप्सेकोट भन्ने मूल ध्येयका साथ **"सुन्दर, सुखी र उद्यमी हुप्सेकोट"** को परिकल्पना कार्यान्वयन गर्न हुप्सेकोट गाउँपालकाको मार्गचित्रको रुपमा प्रस्तुत नीति तथा कार्यक्रम परिलक्षित छ।

हुप्सेकोट गाउँबासीहरुको विकासको तीव्र चाहाना, चालू आर्थिक वर्षका अधुरा कार्यक्रम, यस गाउँपालिकामा क्रियाशिल राजनीतिक दल, विज्ञ तथा सरोकारवालाहरुले दिएको सकारात्मक र कार्यान्वयनयोग्य सुझावलाई आत्मसात् गर्दै आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्दछु।

सभाका सदस्यहरु,

१. हुप्सेकोट गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजनामा तय गरेको दीर्घकालीन सोच **खानेपानी, कृषि, पर्यटन र पूर्वाधारः हुप्सेकोट विकासको दिगो आधार** बमोजिम उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारीका अवसर सिर्जना र नागरिकहरुको

जीवनस्तरमा सुधार ल्याउन सहकारी एवम् निजी क्षेत्र समेतको साझेदारीमा सुन्दर,सुखी र उद्यमी हुप्सेकोट निर्माणको आधार तयार गरिनेछ।

२. बजेट तथा कार्यक्रमलाई प्रथम आवधिक योजनाको लक्ष्य, आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण, लैङ्गिक उत्तरदायी बजेट, जलवायु सूचक, दिगो विकास लक्ष्य सूचकका आधारमा सांकेतीकरण गरी बजेट प्रणालीलाई प्रभावकारी बनाइनेछ।

३. सार्वजनिक सेवा तथा पूर्वाधार निर्माणका क्षेत्रमा निजी क्षेत्र समेतलाई संलग्न गराई गाउँपालिकाको आर्थिक समृद्धिमा योगदान पुर्याउन सार्वजनिक-निजी-सहकारी साझेदारीका लागि आवश्यक व्यवस्था गरिनेछ।

४. राजश्व संकलनमा वृद्धि गर्न करको दायरा विस्तार, कर सचेतना एवम् कर सहभागिता अभिवृद्धि गरी गाउँपालिकाको आन्तरिक आय वृद्धि गरिनेछ । राजस्व परामर्श समितिको अध्ययन प्रतिवेदनको सुझाव तदारुकतासाथ परिपालन गरिनेछ।

५. मध्यमकालिन खर्च संरचना, विनियोजन कुशलता, खर्च क्षमता सुदृढीकरण, बजेटको प्रभावकारी कार्यान्वयन, बेरुजु फछ्यौंट तथा सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थित गरी वित्तीय अनुशासन कायम गरिनेछ।

६. राजस्व चुहावट नियन्त्रण, नतिजामूखी सार्वजनिक खर्च व्यवस्थापन, आर्थिक कारोवारमा पारदर्शिता र लेखा परीक्षण प्रतिवेदनका सुझाव कार्यान्वयन मार्फत आर्थिक सुशासन कायम गरिनेछ।

सभाका सदस्यहरु,

७. कूल जनसंख्याको ५२ प्रतिशत कृषिमा संलग्न यस गाउँपालिकामा कृषकको वास्तविक अवस्था पहिचान गरी परम्परागत, निर्वाहमुखी कृषि प्रणालीबाट आधुनिक, व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण मार्फत् जीवनस्तरमा आमूल परिवर्तन ल्याउन गिरुबारी खोलामा बहुआयमिक ड्याम निर्माण कार्यको थालनी गरिनेछ। कृषकमैत्री योजना तथा कार्यक्रमको तर्जुमा गर्न, किसानहरुलाई उपलब्ध गराईने सेवा सुविधाको आवश्यकता, प्राथमिकता र औचित्यपूर्ण तवरले वितरण गर्न किसान सूचीकरण कार्यक्रमलाई सम्पन्न गरिनेछ।

८. कृषि तथा पशुजन्य उत्पादनको व्यवसायीकरण, विविधीकरण, बजारीकरण, यान्त्रिकीकरण तथा आधुनिकीकरण गर्न सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको समन्वय तथा सहकार्यलाई प्राथमिकता दिईनेछ।

९. किटनाशक औषधी, रासायनिक मल र विषादीको अवैज्ञानिक प्रयोगबाट माटोको गुणस्तर र मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण गरि दिगो कृषि

उत्पादन गर्न विषादी परिक्षण प्रयोगशाला संचालनमा ल्याई गुणस्तर नियन्त्रण र नियमनसँगै जैविक विषादी, प्राङ्गारिक मल तथा कृषि चुनको प्रयोगलाई प्रोत्साहन गरिनेछ । माटोको उर्वराशक्तिमा सुधार गरी उपयुक्त खेती प्रवर्द्धन गर्न माटो परीक्षण प्रयोगशाला संचालनमा ल्याइनेछ ।

१०. कृषि क्षेत्रलाई बिचौलियामुक्त बनाई गाउँपालिकाभित्र उत्पादित कृषि उपजको बजारीकरण गर्न प्रदेश सरकारसँगको सहकार्यमा **कृषि एम्बुलेन्स सेवा** संचालनका लागि पहल गरिनेछ । संघ सरकारसँगको सहकार्यमा कागती पकेट कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

११. आर्थिक गतिविधि न्यून र बसाईसराई उच्च रहेका पहाडि क्षेत्रहरु पहिचान गरी कृषि ग्रामीण पर्यटन तथा पर्या-पर्यटनको विकास, हरित उत्पादन प्रवर्द्धन तथा जलवायुमैत्री कृषि प्रविधिको उपयोग मार्फत दिगो कृषि विकासमा जोड दिईनेछ ।

१२. **बाली विशेष कार्यक्रम** अन्तर्गत उपयुक्त बाली तथा उत्पादन क्षेत्र पहिचान गरि समुदायमा आधारित खेती प्रणालीको अनुशरण मार्फत कृषि उपजको उत्पादनमा वृद्धि गरि प्रशोधन तथा बजारीकरण प्रवर्द्धन गर्दै कृषि उत्पादनमा आत्मनिर्भर वडा निर्माण गर्न **एक वडा एक उत्पादन कार्यक्रम** संचालनमा ल्याइनेछ ।

१३. कृषकको आयआर्जनमा सुधार गर्न तुलनात्मक लाभ, कम तौल र उच्च मूल्य भएका कफी, मह, अदुवा र बेसारको सामुहिक खेती प्रणालीलाई प्रोत्साहन, संरक्षण र प्रर्वद्धन गरिनेछ । कफि उत्पादन क्षेत्र पहिचान गरी उत्पादन, प्रशोधन, प्याकेजिङ र ब्रान्डिङ गर्ने कार्य अगाडि बढाईनेछ ।

१४. कृषिजन्य उत्पादनको सुरक्षित भण्डारण तथा व्यवस्थित बजारीकरणका लागि निर्माणाधीन कोल्ड स्टोरलाई सम्पन्न गर्दै सम कृषि हाटबजारका सम्भावित क्षेत्र पहिचान गरि  कृषि उपज संकलन केन्द्र सञ्चालनमा ल्याईनेछ ।

१५. रोपणमा आधारित फलफूल खेती, टनेल तथा नर्सरी स्थापनाका लागि अनुदान एवं विभिन्न जातको उन्नत बीउ बिजनमा सहुलियत तथा तालिम मार्फत उत्पादन, आयआर्यजन र रोजगारी प्रबर्द्धनमा टेवा पुर्याईनेछ ।

१६. जलवायु अनुकूलित कृषि प्रणाली विकास, खाद्य सुरक्षा, पोषण, वातावरण तथा जैविक विविधता संरक्षण गर्ने उद्देश्यले रैथाने बाली प्रवर्द्धन गरिनेछ । गिरुबारी, जुकेपानी लगायतका क्षेत्रमा व्यवसायिक रुपमा उत्पादन गरिने आलु एवं काँक्राको व्यवसायीकरण र बजारीकरण गर्न प्रदेश सरकार तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रम सञ्चालन  गरिनेछ ।

१७. **एक खेती बहु आय नीति** अन्तर्गत धान खेतीमा हाँस तथा माछापालन र मकै खेतीमा अदुवा लगाउन किसानहरुलाई उत्प्रेरित गरिनेछ। आम कृषकहरुको सूचनामा सरल र सहज पहुँच तथा समस्या समाधानको लागि **हुप्सेकोट किसान कल सेन्टर** स्थापना गरि संचालनमा ल्याईनेछ।

१८. विपद, महामारीजन्य रोग तथा विभिन्न किराको प्रकोपबाट बालीनालीमा क्षति पुगेका कृषकलाई संघ तथा प्रदेश सरकारसँगको समन्वयमा तत्काल राहत तथा व्यवसाय पुनर्स्थापनाका लागि पहल गरिनेछ। कृषि तथा पशु बिमा कार्यक्रमको पहुँच विस्तारका लागि आवश्यक सहजीकरण गरिनेछ।

१९. गाउँपालिका भित्र रहेका सहकारी, सामुदायिक वन तथा अन्य संस्थाहरुसंगको साझेदारीमा पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धि हुने कार्यक्रमहरु सञ्चालन गरिनेछ। पशुपालनसँग सम्बन्धित कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवं अनुगमनका लागि वडा तथा गाउँपालिकास्तरीय पशुपालन समूह गठन गरी क्रियाशील गराईनेछ।

२०. पकेट क्षेत्र विकास कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी ढंगले सञ्चालन गरी बाख्रापालनसँग सम्बन्धित कृषकको जीवनस्तरमा आर्थिक सबलीकरण गर्न व्यवसायिक बाख्रा प्रवर्द्धन कार्यक्रम र बाख्रा स्रोत केन्द्र स्थापना गरिनेछ। पहाडी क्षेत्रमा किवी, ड्रागन फ्रुट र एभोकाडो फलफूलको सम्भाव्य क्षेत्र पहिचान गरी व्यवसायिक उत्पादनमा जोड दिईनेछ।

२१. पशुचौपायमा लाग्ने विभिन्न रोग तथा बाँझोपन निवारण र महामारी, दुर्घटना, दैवी प्रकोपको अवस्थामा आकस्मिक उपचारको लागि सर्जिकल सामग्री एवं प्रयोगशालाको व्यवस्था गरी कृषकको घर घरमा गई निःशुल्क उपचारको व्यवस्था मिलाईनेछ।

२२. प्रदेश सरकारसँगको सहकार्यमा पशुपन्छी खोप सेवा विस्तार कार्यलाई प्रभावकारी रुपमा संचालन गरिनेछ। पशुपन्छीबाट मानवमा सर्ने जुनेटिक रोग रेबिज नियन्त्रणका कार्यक्रम संचालन गरिनेछ।

२३. गाउँपालिकाबाट संचालित निःशुल्क पशु स्वास्थ्य शिविर, ५०% अनुदानमा घाँसको बीउ तथा बेर्ना वितरण, प्रतिलिटर दूधमा रु.२० अनुदान, निःशुल्क कृत्रिम गर्भाधान तथा पशु सुत्केरी स्याहार कार्यक्रमलाई निरन्तरता दिईनेछ। दुध, अण्डा तथा मासु उत्पादनमा आत्मनिर्भर हुँदै पशुजन्य उत्पादनमा क्रमशः आत्मनिर्भर बनाउदै लगिनेछ।

सभाका सदस्यहरु,

२४. गाउँपालिकालाई प्राकृतिक एवं साँस्कृतिक टुरिज्म हबको रुपमा विकास गर्दै पर्यटन क्षेत्रलाई आयआर्जन, रोजगारी र समृद्धिको आधारको रुपमा विकास गरिनेछ। गण्डकी प्रदेशको एकमात्र हिल स्टेशनको रुपमा परिचित रुद्रपुरगढी क्षेत्रलाई आकर्षक पर्यटकीय गन्तव्यको रुपमा ब्राण्डिङ गरिनेछ।

२५. तुलनात्मक लाभको क्षेत्रको रुपमा रहेको पर्यटन विकासको लागि पर्यटकीय सम्भावना बोकेका प्राकृतिक, ऐतिहासिक, धार्मिक, पुरातात्विक एवं साँस्कृतिक पर्यटनका प्रमुख गन्तव्य स्थलहरुमा पर्यटक लक्षित कार्यक्रम अगाडि बढाइनेछ। पिकनिक स्पट र ग्रिन पार्क निर्माणको सम्भावना बोकेका क्षेत्रको पहिचान गरी सो क्षेत्रलाई नवलपुर जिल्लाकै पर्यटकीय आर्कषणको रुपमा विकास गरिनेछ।

२६. सार्वजनिक निजी सहकार्य, पर्यटकीय पूर्वाधारमा मौलिकता र नवप्रवर्तन मार्फत दिगो, आय र रोजगारीमूलक पर्यटनको प्रवर्द्धन गरिनेछ। स्थानीय मौलिक संस्कृति प्रवर्द्धन गर्न ऐतिहासिक थुम्किदेवि मन्दिर देखि विष्णुधामसम्म विशेष महत्वको दिनमा बाजाजात्रा गरिनेछ।

२७. मौलिक संस्कृति तथा समुदायमा आधारित होमस्टे सञ्चालनमा प्रोत्साहन तथा विभिन्न झरनाहरुको संरक्षण तथा प्रचार प्रसार गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।

२८. संघ, प्रदेश तथा निजी संस्थाहरुको समन्वय र सहकार्यमा धौवादी फलामखानीमा शनिदेव मन्दिर स्थापना गरी पर्यटन प्रर्वद्धन गरिनेछ। सामुदायिक घरबास, कोशेली घर, उद्यान तथा पार्क, इकोभिलेज र हिलस्टेशन मार्फत पर्यटकलाई आकर्षित गरि पर्यटनलाई आन्तरिक उत्पादन र रोजगारीसँग आबद्ध गर्न प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

२९. उद्योग, व्यावसाय, बैङ्क तथा वित्तीय संस्था एवं अन्य सामाजिक संघ संस्थाहरुले Corporate Social Responsibility (CSR) अन्तर्गत गर्नु पर्ने खर्चलाई स्थानीय आवश्यकता तथा प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्न लागत साझेदारी अवधारणा अनुसार कार्यक्रम सञ्चालन गरिनेछ। संघ र प्रदेश सरकारसँगको सहकार्यमा स्थानीय मदिरालाई आधुनिक प्रविधिबाट सुधार गरी ब्रान्डिङ गर्ने कार्यका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

३०. गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत् नागरिकको आयआर्जन वृद्धि गर्नका लागि प्लम्बिङ, इलेक्ट्रिसियन, ब्युटिसियन, डोको बुन्ने, मुढा बनाउने, सिलाई कटाई, बुटिक, साईकल, मोटर साईकल मर्मत, मोवाईल मर्मत तालिम जस्ता प्रत्यक्ष रोजगारी सिर्जना गर्ने खालका कार्यक्रमहरु लाई CTEVT संगको समन्वयमा LEVEL अनुसारका तालिमहरु प्रदान गरिनेछ।

३१. **उद्यमी बनौ, गाउँमा केही गरौं** भन्ने अभियानका साथ प्रदेश सरकारको सहकार्यमा वृद्धिमुखी उद्यमशीलता र रोजगार प्रवर्द्धन (GEEP) कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३२. गाउँपालिका क्षेत्र भित्र संचालित व्यवसायहरुको नियमित अनुगमन गरि व्यवसाय दर्ता एवं नवीकरणका लागि मुख्य बजार क्षेत्रहरुमा घुम्ती शिविर संचालन गरिनेछ।

३३. भूमिहीन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको सम्बन्धमा जग्गा नाँपजाँच कार्य सम्पन्न गरी जग्गाधनी प्रमाण पुर्जा वितरणको लागि भूमि समस्या समाधान आयोगसँग आवश्यक समन्वय गरिनेछ।

३४. गाउँपालिका भित्रका सरकारी तथा सार्वजनिक जग्गाहरुको अभिलेख व्यवस्थित गर्ने र संघ सरकारसँगको समन्वयमा भूमि बैङ्कको स्थापना मार्फत कृषियोग्य भूमिको उपयोग गरिनेछ।

३५. आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको सहकारी संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्दै वित्तीय सुशासन कायम गर्न अनुगमन तथा नियमन कार्यलाई थप प्रभावकारी गराईनेछ । महिला, गरिब, सीमान्तकृत, अपाङ्ग, भूमिहिन तथा पिछडिएका वर्ग र श्रमिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पँहुच अभिवृद्धि तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

३६. स्थानीय स्तरमा उत्पादन हुने बहुउपयोगी तथा जडिबुटीजन्य वनस्पतिको संरक्षणसहितको सापेक्ष उपयोगमा जोड दिइनेछ।

सभाका सदस्यहरु,

३७. **मिसन रोजगारी** कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारबाट फर्किएका युवा, स्वदेशमा बेरोजगार रहेका युवाहरुलाई **ज्ञान अनुसारको सीप र सीप अनुसारको ज्ञान**मा आधारित कार्यक्रमहरु संचालन गरी रोजगारीसँग जोडिनेछ।

३८. राष्ट्रिय रोजगार कार्यक्रमबाट सञ्चालन हुने योजनाहरुलाई गाउँपालिकाका अन्य योजनासँग आबद्ध गर्दै एकीकृत रुपमा भौतिक पुर्वाधारको विकास गरिनेछ ।

सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ ।

३९. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी युवा उद्यमशीलता एवं स्वरोजगार कार्यक्रम मार्फत आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी क्षेत्रसँग सहकार्य एवं समन्वयमा जोड दिईनेछ । युवाहरुमा उद्यमशिलता प्रवर्द्धन गर्न **"चौतारी भलाकुसारी कार्यक्रम"** संचालन गरिनेछ ।

४०. एकद्वार प्रणाली मार्फत सेवा प्रदान गर्न गाउँपालिकाबाट संचालन हुने मेड्पा लगायतका सीप विकासका तालिम कार्यक्रमहरु श्रम तथा रोजगार सेवा केन्द्रबाट संचालन गरिनेछ । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउन सुरक्षित आप्रवासन (Safer Migration) एवं पुनःएकीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

४१. सेवाको पहुँचबाट टाढा रहेका समुदायमा आँखा शिविर, पाठेघर परिक्षण शिविर, मुटुरोग, मधुमेह लगायतका नसर्ने रोग सम्बन्धी निःशुल्क शिविर संचालन गर्ने व्यवस्था मिलाइनेछ । ७० वर्ष उमेर पुगेका जेष्ठ नागरिक तथा अशक्त, अपाङ्गलाई घरमै गई नियमित स्वास्थ्य परिक्षण गर्नका लागि "**सन्चै हुनुहुन्छ ?"** कार्यक्रम संचालन गरिनेछ।

४२. संघ सरकारसँगको सहकार्यमा **म स्वस्थ मेरो समुदाय स्वस्थ** कार्यक्रम अनुसार हरेक महिनाको १ गते गाउँ तथा टोल सरसफाई गरिनेछ । स्वच्छ, आहार, योग, ध्यान, व्यायाम र सकारात्मक सोच सहितको जीवशैली विकास गर्न **निरोगी हुप्सेकोट** अभियान संचालन गरिनेछ ।

४३. महिलाको प्रजनन स्वास्थ्य अधिकारलाई सुनिश्चित गराउन गर्भवती महिलालाई निःशुल्क रुपमा फोलिक एसिड, क्याल्सियम र सुपा नेट वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ । हुप्सेकोट गाउँपालिका भित्रका एचआइभि/एड्स संक्रमणबाट प्रभावितका लागि पोषिलो आहार वितरणको व्यवस्था मिलाइने छ ।

४४. गर्भवती, सुत्केरी र बालबालिकाको पोषणस्तरमा सुधार ल्याउन पोषणमैत्री कार्यक्रमहरुलाई अन्य योजना/कार्यक्रमसँग आबद्ध गरि मुलप्रवाहीकरण गर्दै सम्बत् २०८७ भित्र पोषण मैत्री गाउँपालिका घोषणा गरिनेछ ।

४५. देउराली प्राथमिक अस्पताललाई सुविधासम्पन्न भवनमा स्थानान्तरण गरि सहज तवरबाट विशेषज्ञ सहितको स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

४६. जङ्क फुड तथा मिसावटयुक्त एवं हानीकारक खानालाई निरुत्साहित गरि बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउन पोषिलो पिठो उत्पादन कार्यक्रम

अन्तर्गत महिला समूह मार्फत उत्पादित पिठोलाई विद्यालयको दिवा खाजासँग आबद्ध गरिनेछ ।

४७. महिनावारीको समयमा किशोरीहरुमा आउने शारिरिक समस्याबाट सिर्जित मानसिक तनाव न्यून गर्न विभिन्न योग, ध्यान तथा शारिरिक व्यायाम सम्बन्धि सचेतना कार्यक्रम विद्यालयस्तरमा संचालन गरिनेछ ।

४८. जेष्ठ नागरिकहरुको पोषण एवं स्वास्थ्य अवस्थामा सुधार ल्याउन जेष्ठ नागरिक दिवा सेवा केन्द्रमा विभिन्न सचेतना कार्यक्रम तथा स्वास्थ्य परिक्षण कार्यक्रम संचालनमा ल्याईनेछ ।

४९. घरमै सुत्केरी हुने प्रवृत्तिलाई निरुत्साहित गर्दे गर्भावस्थामा गरिने चेकजाँचलाई अनिवार्य गर्न तथा लैंगिक विभेदलाई न्यूनीकरणका लागि **हाम्रो छोरीको सुनौलो भविष्य** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५०. सबैका लागि शिक्षा तथा दिगो विकासका लक्ष्य जस्ता क्षेत्रमा नेपालले अन्तराष्ट्रिय मञ्चमा अभिव्यक्त गरेका प्रतिवद्धता एवम् राष्ट्रको परिवर्तित परिप्रेक्ष्यमा शिक्षामा समसामयिक सुधार गर्ने, सर्वसाधारणको पहुँच बढाउने र गुणस्तरीय शिक्षा जस्ता सबै कार्यक्रमहरुको कार्यान्वयन गर्ने निकाय विद्यालयहरुनै भएकाले बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि विद्यालयहरुमा स्वच्छ पिउने पानी, खेलमैदान, उमेर अनुसारको फर्निचर, दिवा खाजाको लागि भान्साघर, बालउद्यान, शौचालय मर्मत एवं सुरक्षित घेरावार निर्माण जस्ता बालमैत्री क्रियाकलाप संचालन गरिनेछ ।

५१. बाल अधिकारका चार पक्षहरु बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता मुख्य आधार भएकाले हुप्सेकोट गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणाका गर्नका लागि बालमैत्री कार्यक्रम सञ्चालन गरिनेछ । साथै आ.व. २०८२/८३ मा वडा नं. १ र ३ लाई बालमैत्री वडा घोषणा गर्दै अन्य वडाहरुमा समेत बालमैत्री स्थानीय शासनका संरचनाहरु तयार गरिनेछ ।

५२. अन्तर स्थानीय तहसँगको समन्वय र सहकार्यमा नवलपुर क्षेत्र भित्रका विभिन्न विद्यालयमा भएका असल अभ्यास प्रवर्द्धन गरिनेछ । यस गाउँपालिकाका सामुदायिक विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५३. प्रारम्भिक बालकक्षाको अवस्था विश्लेषण गरी उमेर, रुचि, क्षमता र आवश्यकतामा आधारित गुणस्तरीय प्रारम्भिक बाल शिक्षामा पहुँच सुनिश्चित गर्दै विद्यालयमा

बालमैत्री सिकाइ सामाग्रिको व्यवस्था गरी उत्कृष्ट बाल कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ।

५४. विद्यालयका बालबालिकाहरुमा उत्प्रेरणा जगाउन प्रबुद्ध व्यक्तित्वहरुलाई सहयोग लिई मानव पुस्तकालय (Human Library) स्थापना गरिनेछ।

५५. देउराली सामुदायिक पुस्तकालयको भवन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। साथै वडा नं ६ मा रहेको आदिकवि भानुभक्त सिकाइ केन्द्रलाई सुदृढीकरण गरिनेछ।

५६. विद्यालयमा शैक्षिक गुणस्तर सुधारको लागि प्रतिस्पर्धाको वातावरण निर्माण गर्न आधारभुत तथा माध्यमिक तहमा एक/एक वटा नमुना विद्यालय विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५७. आधारभूत तहसम्म अनिवार्य एवं निःशुल्क साथै माध्यामिक तहसम्म बालबालिकाले निःशुल्क शिक्षा पाउने संवैधानिक अधिकारलाई सुनिश्चित गर्न दरबन्दी कम भएका विद्यालयमा गरिएको स्वयंसेवक शिक्षकको व्यवस्थालाई निरन्तरता दिइनेछ। साथै स्वयंसेवक शिक्षकलाई दिइदै आएको सेवासुविधालाई समयानुकुल परिमार्जन र संशोधन गरिनेछ।

५८. बालबालिकामा जीवनउपयोगी सीप तथा उद्यमशील भावनाको विकास गर्न विगतका वर्षदेखि सञ्चालन गर्दै आएको **पढाइ सँगै सीप विकास"** कार्यक्रम लाई निरन्तरता दिइनेछ। विद्यालयमा कार्यरत कर्मचारी, बालविकास सहयोगीलाई प्रदान गर्दै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिईनेछ।

५९. शैक्षिक गुणस्तर सुधारका लागि सामुदायिक विद्यालयमा विद्यालय समायोजन, विद्यालय कक्षा समायोजन, शिक्षक दरबन्दी मिलान कार्यलाई अगाडि बढाइनेछ। विद्यालयको सिकाइको अवस्था सुधारका लागि करार शिक्षक तथा कर्मचारीलाई प्रोत्साहित गर्न शिक्षक कर्मचारी कल्याणकारी कोष सञ्चालन कार्यलाई निरन्तरता दिईनेछ।

६०. संघीय सरकारको सहकार्यमा शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम सञ्चालन गरिनेछ। सुचकको आधारमा विद्यालयको स्तर वर्गिकरण गर्ने व्यवस्था मिलाइनेछ। साथै गरिब तथा विपन्न वर्गका विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था मिलाइनेछ।

६१. विद्यार्थीहरुको पहुँच अभिवृद्धि गरी शैक्षिक गुणस्तर सुधार गर्नका लागि विद्यालयको आवश्यकता र मागको आधारमा विद्यालय सँगको साझेदारीमा यातायात साधनमा अनुदानको व्यवस्था मिलाइनेछ।

६२. नेपाल सरकारको २०८५ साल सम्म सबै नागरिकलाई साक्षर बनाउने नीति अनुरुप अनौपचारिक र टोल शिक्षा कार्यक्रम तथा आधारभुत तह कक्षा १ – ५ मा Right For Children संस्थासंगको सहकार्यमा शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६३. हुप्सेकोट प्राविधिक शिक्षालय संचालनका लागि दिइदै आएको अनुदानलाई निरन्तरता दिँदै सुविधा सम्पन्न भौतिक संरचना निर्माण गरि पूर्ण क्षमतामा कक्षाहरु सञ्चालन गरिनेछ। कृषि विज्ञान र पशु विज्ञानका साथै विशेषज्ञ प्रशिक्षक सहितको थप कार्यक्रम डिप्लोमा इन फार्मेसि सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

६४. हुप्सेकोट प्राविधिक शिक्षालयमा सीप परिक्षण केन्द्रको स्थापना गरी छोटो अवधिका तालिमहरु सञ्चालन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष र सीपयुक्त जनशक्ति उत्पादन गरिनेछ। आधारभूत विद्यालयलाई प्रविधियुक्त बनाइ सिकाइमा प्रविधिको प्रयोगमा जोड दिइनेछ।

६५. प्रतिस्पर्धात्मक शैक्षिक वातावरण निर्माण गरि शिक्षक तथा विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्न तालिम, प्रोत्साहन, पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ। संस्थागत विद्यालयले प्रदान गर्नुपर्ने १० प्रतिशत छात्रवृतिको कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित गर्न नियमित अनुगमन र नियमन गरिनेछ।

६६. विद्यार्थीमा वैज्ञानिक सोच, आविष्कार र नवप्रवर्तनात्मक सोच सीप अभिवृद्धिका लागि विज्ञान, गणित लगायतका अन्य विषयको **शैक्षिक सामग्री प्रदर्शनी मेलाको** आयोजना गरिनेछ। यसलाई गाउँपालिका र अन्तर स्थानीय तह बीच सिकाइ मेलाको रुपमा सञ्चालन गरिनेछ।

६७. लिडर तथा फिडर स्कुलको अवधारणालाई कार्यान्वयन गरी शैक्षिक सुधारको लागि विद्यालय तहबाट नै **समस्या समाधानमा आधारित सिकाइ** कार्यक्रम सञ्चालनमा जोड दिइनेछ। विद्यालयमा शिक्षण सिकाइको वातावरण सुधार र अनुभव आदान प्रदान गर्न अंग्रेजी, गणित, विज्ञान, नेपाली र सामाजिक विषयको **विषयगत शिक्षक रोष्टर गठन एवं परिचालन** गरिनेछ।

६८. बालबालिकाको स्वास्थ्यलाई मुख्य प्राथमिकतामा राखी पोषणयुक्त र स्वास्थ्यवर्द्धक खानालाई प्रोत्साहन गर्दै विद्यालय दिवा खाजा र विद्यालय क्यानटिनमा प्रयोग गरिने खाजामा पत्रु खाना (जंकफुड) निषेध गरिनेछ। साथै स्थानीय स्तरमा उत्पादित खाद्यान्नलाई विद्यालय दिवा खाजाको रुपमा प्रयोग गर्न प्रोत्साहित गरिनेछ।

६९. पठन संस्कृतिको विकास गरी शैक्षिक गुणस्तर सुधार गर्न शिक्षक र विद्यार्थीमा **"सिक्न र सिकाउनका लागि पढौं"** भन्ने पठनसीप विकास कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ । अभिभावकविहिन बालबालिका तथा सडक बालबालिकाको पहिचान गर्ने र तिनीहरुको उचित संरक्षण गरी पठनपाठनको लागि आवश्यक प्रबन्ध गरिनेछ।

७०. खेलकुद, ललितकला र साहित्यको सरंक्षण गर्न हुप्सेकोट प्रज्ञा प्रतिष्ठानको गठन गरिनेछ । संस्कारयुक्त शिक्षा र योग शिक्षाको माध्यमबाट शिक्षक र विद्यार्थीहरुमा नैतिक शिक्षाको विकासमा जोड दिइनेछ।

७१. स्वदेशमै केही गरौं भन्ने भावना जागृत गराउन लोकसेवा र शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरी सरकारी सेवा प्रवेशमा आकर्षित गर्न प्रोत्साहन गरिनेछ। साथै संघ र प्रदेश सरकार एवं अन्य संघसंस्थासँग सहकार्य र समन्वयमा विभिन्न सीप विकास तथा वृत्ति परामर्श जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

७२. शिक्षण सिकाईमा नवीतम सूचना प्रविधिको अधिकतम उपयोग गर्न Artificial Intelligence (ए.आई.) प्रयोगमा ल्याईनेछ । गाँउपालिकाभित्रका सामुदायिक विद्यालयबाट १२ कक्षा उत्तिर्ण २ जना विद्यार्थीहरुलाई गाउँपालिका र मातहतका कार्यालयहरुमा पेड इन्टर्नसिपको व्यवस्था मिलाइनेछ।

७३. शैक्षिक सत्र २०७८ देखि लागु भएको स्थानीय पाठ्यक्रम हाम्रो हुप्सेकोटलाई आवश्यकताअनुसार पुनरावलोकन गरी थप प्रभावकारी बनाइनेछ। साथै पाठ्यपुस्तक लेखन कार्यलाई निरन्तरता दिइनेछ।

सभाका सदस्यहरु,

७४. जलवायु परिवर्तन र विपद्को जोखिम, असर र संकट्टापन्न समेतको विश्लेषणको आधारमा उत्थानशील आधारभूत खानेपानी र सरसफाई तथा स्वच्छता सेवाको विस्तार गरिनेछ। वडा नं. ५ को रुद्रपुर खानेपानी आयोजना, वडा नं. ६ को कुमाल्दी खानेपानी आयोजनाको सम्पन्नतामार्फत एक घर एक धारा पुऱ्याई खानेपानीको समस्या भएका क्षेत्रमा खानेपानी विस्तारको कार्य गरिनेछ।

७५. गाउँपालिकाको पहाडी भेगमा नमुना जुठेल्नो निर्माण गरी फोहोर तथा खेर गईरहेको पानीको उचित प्रयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिई हालसम्म पनि शौचालय नभएका नागरिकको लागि साझेदारीमा शौचालय निर्माण गरिनेछ । साथै नेपाल

सरकारको सन् २०३० सम्ममा **सबैका लागि र सधैंका लागि** पूर्ण सरसफाई हासिल गर्ने लक्ष्यलाई स्थानीयकरण गर्दै लगिनेछ।

७६. फोहोरलाई वर्गीकरण गर्दे जैविक मल, पुनःप्रयोग गर्ने तथा प्लाष्टिकजन्य पदार्थको उपयोगमा न्यूनीकरण गरिनेछ । फोहरमैला व्यवस्थापन गर्नको लागि ल्याण्डफिल्ड साइट निर्माण गरी प्रयोगमा ल्याइनेछ।

७७. हुप्सेकोट देउराली शहरी खानेपानीलाई विस्तार गर्दै साना योजना समाहित गरी स्वच्छ र सुरक्षित पानीको विस्तारमा जोड दिइनेछ।

७८. आर्थिक तथा सामाजिक रुपमा विपन्न महिला, आदिवासी, जनजाती, दलित, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक सशक्तीकरणका लागि वित्तिय पहुँच, उद्यमशीलता विकास, विभिन्न सचेतनामूलक र अभियानात्मक कार्यक्रम संचालन गरिनेछ।

७९. **बीउपूँजी टेवा** सहितका सीपमूलक तालिमहरु संचालन गर्नुका साथै एकल महिला पाठशाला कार्यक्रमलाई निरन्तरता दिइनेछ । गृहिणी महिलाहरुलाई आत्मनिर्भर बनाउनका लागि **गृहिणी महिला स्वरोजगार** कार्यक्रम संचालनमा ल्याइनेछ।

८०. हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्न घरेलु र लैङ्गिक हिंसाजन्य घटनाहरुबाट सिर्जित असरको न्यूनीकरण गरी प्रभावितहरुलाई सामाजिक न्यायको प्रत्याभूति दिलाउन **अल्पकालीन आश्रय सहितको सेवा केन्द्र** स्थापना तथा संचालनका लागि पहल गरिनेछ । हिंसा पिडितहरुलाई तत्कालिन आधारभुत आवश्यकता पुरा गर्न लैंगिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ।

८१. संयुक्त राष्ट्रसंघले निर्धारण गरेका दिगो विकासका लक्ष्य र सूचकहरुलाई आन्तरिकीकरण र स्थानीयकरण गर्दै द्वन्द्व पिडित महिलाहरुको संरक्षण र सहयोगका लागि संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्को स्वीकृत प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयनका गरी पुनर्मिलनका कार्यक्रम सञ्चालन गरिनेछ।

८२. औपचारिक तथा अनौपचारिक ढंगबाट व्यक्तिले आर्जन गरेको ज्ञान, सीपलाई पूर्व सिकाई मान्यता विधि (RPL) मार्फत परिक्षण गराई दक्षताको प्रमाणपत्र प्रदान गरिनेछ। साथै निरपेक्ष गरिबीको अन्त्य गर्न संघ र प्रदेश सरकारसँगको सहकार्य तथा समन्वयमा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

८३. अपाङ्गता भएका व्यक्तिहरुले व्यवसाय दर्ता गर्न चाहेमा व्यवसाय दर्तामा छुट दिनुका साथै अपाङ्गता भएका व्यक्तिहरुले संचालन गरेको व्यवसायलाई प्रवर्द्धन र प्रोत्साहन गर्नका लागि सहुलियतको व्यवस्था मिलाइनेछ।

८४. 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गरिदैं आएको निःशुल्क बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ । अपाङ्गता भएका व्यक्तिहरु र अपाङ्गता भएका अभिभावकका सन्ततिलाई उच्च शिक्षा हासिल गर्नका लागि सहयोग उपलब्ध गराइनेछ।

८५. गाउँपालिकाका सबै वडामा ज्येष्ठ नागरिकहरुको दिनचर्यालाई सहज र सरल बनाई एक्लोपना र नैराश्यता कमी ल्याउन दिवा सेवा केन्द्र स्थापना तथा स्तरोन्नति गरी यसलाई ज्येष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभव नयाँपुस्तामा हस्तान्तरण गर्ने सामाजिकीकरणको अभ्यासलाई थप विकास गर्दै लगिनेछ।

८६. बालबालिका माथि हुने शारीरिक, मानसिक, यौनजन्य दुर्व्यवहार न्यूनीकरणका लागि बहस पैरवी तथा सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने तथा बिहे नगरी १२ कक्षा उत्तीर्ण गर्ने किशोरीलाई गाउँपालिकाबाट सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ।

८७. समाजमा विद्यमान विभेद, असमानता, अन्याय, शोषणको अन्त्य गरी समतामूलक समाजको निर्माण र विकृती, कुप्रथा, कुरीति, अन्धविश्वासलाई निरुत्साहित गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

८८. सीप सिकेर उद्यमी बन्न चाहने महिला गृहणीहरुका लागि **"भान्सामा मात्रै होइन आमा, गाउँपालिकाले लगाउँछ काममा"** भन्ने नाराका साथ उद्यमशीलता प्रवर्द्धनका लागि तालिम तथा प्रविधिको व्यवस्था मिलाइनेछ।

सभाका सदस्यहरु,

८९. संवत् २०८२ साललाई **बालबालिका वर्ष**को रुपमा कार्य गरिनेछ। बालमैत्री स्थानीय शासनका सूचक पूरा गर्न आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार निर्माणका कार्यक्रमहरु प्राथमिकताका साथ कार्यान्वयन गरी बालविकास कक्षाहरुका लागि बालमैत्री सिकाई सामग्रीहरुको व्यवस्थापनका साथ सबै विद्यालयमा बाल क्लव गठन गरिनेछ । साथै बालबालिकामा देखिएको डिजिटल कुलत हटाउन सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

९०. सामाजिक सुरक्षा कार्यक्रम तथा घटना दर्तामा नागरिकको सहज पहुँच अभिवृद्धि गर्न दर्ता शिविर संचालन गरिनेछ। सामाजिक सुरक्षा भत्ता वितरणमा लक्षित वर्ग, अशक्त, अपाङ्गता भएका लाभग्राही तथा भौगोलिक विकटताका कारण बैंक पहुँच नभएका वडाहरुका लागि स्थलगत रुपमा भत्ता वितरणमा सहजीकरण गरिनेछ।

९१. सामाजिक सुरक्षा भत्ता वितरणलाई बायोमेट्रिक भेरिफिकेसन मार्फत राष्ट्रिय परिचयपत्रसंग आबद्ध गराईनेछ।

९२. लागुपदार्थ दुर्व्यसनी न्यूनीकरण तथा जनचेतनामूलक कार्यक्रम एवम् विपद् व्यवस्थापन लगायतका सामाजिक चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९३. युवा तथा खेलकुद क्षेत्रको विकासका लागि गाउँपालिका स्तरीय खेलकुद विकास बोर्डको क्षमता अभिवृद्धी गरी युवाको शारीरिक तथा मानसिक विकासको निम्ति गाउँपालिका तथा वडा स्तरमा विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ। स्थानीय खेलाडीहरुको लागि शैक्षिक छात्रवृत्ति तथा विशेष अवसरको व्यवस्था गरिनेछ।

९४. स्थानीय खेलकुद महोत्सव आयोजना गरी प्रतिभाशाली खेलाडीहरुको पहिचान गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद मञ्चहरुमा सहभागीताका आधारशिला तयार पारिनेछ। एक वडा एक खेलमैदान, गाउँपालिकास्तरीय बहुद्देश्यिय खेलमैदान, खेल प्रशिक्षण केन्द्रको निर्माण गरी विधागत खेल प्रशिक्षकहरु तयार गरिनेछ।

९५. हरेक विद्यालयमा आवश्यक खेलकुद सामग्रीको प्रबन्ध गरी सबै बालबालिका र युवाले आफ्नो रुचि अनुसारको खेलमा सहभागिता जनाउने, क्षमता विकास गर्ने मौका सिर्जना गरिनेछ। विभिन्न उमेर समुहका मानिसहरुको शारीरिक र मानसिक स्वास्थ्यको विकास गर्न गाउँपालिका भित्रको उपयुक्त स्थानमा खुला व्यायामशालाको निर्माण गरिनेछ।

९६. युवाहरुलाई खेलप्रति आकर्षित गर्न कभर्ड हल निर्माणको कार्यलाई संघ तथा प्रदेश सरकारसँग समन्वय गरी पूर्णता दिइनेछ। खेलकुदको दीर्घकालिन विकासका लागि संघ तथा स्थानीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

९७. महिला म्याराथुन कार्यक्रमको आयोजना गरी साहसिक खेलकुदको क्षेत्रमा महिला सहभागिता प्रोत्साहित गरिनेछ।

९८. गाउँपालिकाको भूगोल सुहाउँदो, दीर्घकालिन महत्व राख्ने, ठूला प्रकृतिका आयोजना एकीकृत गरि सूचीकृत गर्ने कार्यका लागि आयोजना बैंक अद्यावधिक गरिनेछ।

आयोजना बैंकबाट लागत अनुमान धेरै भएका विकास आयोजनाहरु संघ एवं प्रदेश सरकारसँग माग गर्ने र संघ तथा प्रदेशबाट विनियोजित योजनाहरु कार्यान्वयनमा आवश्यक सहजीकरण गरिनेछ ।

९९. उच्च जोखिम, संवेदनशील, विपद् प्रभावित एवं छरिएको बस्ती पहिचान गरि सुरक्षित स्थानान्तरणका लागि एकीकृत बस्ती विकास कार्यक्रम अगाडि बढाउन संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ । सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत **खरको छाना मुक्त गर्ने** कार्यलाई निरन्तरता दिईनेछ ।

१००.दिगो विकासको अवधारणा अनुरुप गाउँपालिकाबाट संचालित योजना/कार्यक्रमलाई सुरक्षित, भरपर्दो, दिगो, वातावरणमैत्री एवं नागरिकमैत्री बनाउन स्रोत, साधन र जनशक्तिको महत्तम उपयोग गरिनेछ ।

१०१.उपभोक्ता समितिबाट संचालन गरिने विकास निर्माण कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समितिलाई अभिमुखीकरण गराउनुका साथै अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाईनेछ ।

१०२.भवन आचारसंहिता अनुरुप नक्सापास गरेर मात्र भवन निर्माण गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ । साथै यस अघि नै निर्माण भएका घरहरुको अभिलेखीकरणको कार्य समेत अगाडि बढाईनेछ ।

१०३.मुख्य व्यापारिक बजार तथा चोकहरुमा शान्ति सुरक्षा कायम गर्दै आपराधिक क्रियाकलापलाई न्यूनीकरण गर्न सडक बत्ती एवं सिसि क्यामेरा जडानको कार्य अघि बढाइनेछ ।

१०४.विकासको मेरुदण्डको रुपमा रहेको सडक पूर्वाधारलाई सन्तुलित, व्यवस्थित, प्रभावकारी, दिगो, भरपर्दो र सुरक्षित बनाउन गाउँपालिकाको गौरवको रुपमा रहेका आलोक चक्रपथ हुप्सेकोट खण्ड, गरिमा चोकदेखि मौलाथर हुँदै पाल्पा जोड्ने सडकखण्ड, बुद्धचोक मयुरपोखरी बन्दरी हुँदै चालिस किलो सम्म जोड्ने सडक र बोझापोखरी रुद्रपुर सडक प्राथमिकता साथ संघ र प्रदेश सरकारसँग समन्वयमा अघि बढाईनेछ ।

१०५.ग्रामीण यातायात सडक गुरूयोजना अनुरुप प्राथमिकताप्राप्त सडकहरुको विस्तार र स्तरोन्नति गरिनेछ । पहाडी र घुम्ती क्षेत्रमा हुनसक्ने दुर्घटना तथा जोखिमलाई न्यूनिकरण गर्न Crash Barrier को निर्माण कार्यलाई अगाडी बढाईनेछ । सडक

दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरी, चालक तथा सरोकारवालासँग समन्वय गरी जनचेतनाका कार्यक्रमहरु अगाडि बढाइनेछ ।

१०६.बहुवर्षिय ठेक्का प्रक्रिया मार्फत निर्माणाधिन रहेको वडा नं ४ शंखदेवघाटको मोटरेवल पुल निर्माण कार्यलाई यसै आर्थिक वर्षमा सम्पन्न हुने गरी अगाडि बढाईनेछ । प्रदेश सरकारको सहयोग र गाउँपालिकाको समन्वयमा वडा नं १ बेलुवा जुगेपानी हुदै कावासोति जोड्ने सडकको पत्थरखोलामा मोटरेवल पुल निर्माण कार्य अगाडि बढाउन आवश्यक पहल गरिनेछ । संघीय सरकारको सहयोग र गाउँपालिकाको समन्वयमा वडा नं २ र ४ जोड्ने झ्यालबास गुहेरी र वडा नं ५ को आरनघाटमा मोटरेवल पुल निर्माण कार्यको थालनी गरिनेछ ।

१०७.पहाडी सडकहरुमा बाह्रै महिना सवारी आवतजावतका लागि कजवे तथा नाला निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ । सडकमा आउने आकस्मिक अवरोध एवं पहिरो पन्छाउन तथा नियमित सरसफाईका लागि विशेष व्यवस्था मिलाईनेछ ।

१०८.लागत सहभागितामार्फत जनसहभागिता अभिवृद्धि गरी दिगो पूर्वाधार निर्माणका लागि समुदाय एवं सामुदायिक क्षेत्रको लागत साझेदारीमा सडक कालोपत्रे लगायत अन्य विकास निर्माणका कार्यहरु संचालन गरिनेछ ।

१०९.गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको हुप्सेकोट चक्रपथको स्तरोन्नती कार्यलाई निरन्तरता दिईनेछ ।

सभाका सदस्यहरु,

११०.ई-गभर्नेन्सको अवधारणा अनुरुप गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई क्रमिक रुपमा सफ्टवेयर प्रणाली तथा विद्युतीय माध्यमबाट संचालन गर्दै लगिनेछ । स्थानीय तथ्याङ्कलाई व्यवस्थित गराई सेवा प्रवाहमा सुधार गर्न **डिजिटल घर नम्बर प्रणाली** तथा मोवाइल एपलाई अद्यावधिक गराईनेछ ।

१११.**दिगो वन समृद्ध जीवन** भन्ने मूल नाराका साथ दिगो वन व्यवस्थापनमा आधारित वन संरक्षण एवं संवर्द्धन गर्दै वन पैदावारको महत्तम उपयोगमार्फत नागरिकको आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११२.गाँउपालिकाभित्र पाइने विविध प्रकारका जडिबुटिहरुको पहिचान, संकलन र बिक्रि वितरणका लागि विभिन्न सरकारी, निजि र गैरसरकारी निकायसँग समन्वय गरिनेछ ।

उच्च पहाडी क्षेत्रमा पाइने लोपोन्मुख जनावर घोरलको चोरी निकासी हुनबाट रोकी घोरल संरक्षण एवं प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

११३.विकास निर्माणका कार्यहरु गर्दा प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय अध्ययन प्रतिवेदन मार्फत पर्यावरणीय असरको लेखाजोखा गरी दिगो विकासको अवधारणा अनुसार सम्पन्न गरिनेछ । भौगोलिक हिसाबले सहज एवं एकै प्रकृतिका पूर्वाधार निर्माण अन्तर्गतका योजनाहरु मर्ज गरि एकमुष्ठ ठेक्का प्रक्रियाबाट खरिद कार्य अगाडि बढाईनेछ ।

११४.पहाडी भेगमा भूःक्षय र पहिरो रोकथाम गर्नको लागि भूगोल अनुकुलित वृक्षारोपण, जैविक बाँध जस्ता Bio Engineering कार्यलाई निरन्तरता दिइनेछ । उपयुक्त सडकको पहिचान गरि हरित सडक निर्माण एवं सडक सौन्दर्य बढाउने कार्य अगाडि बढाईनेछ ।

११५.हुप्सेकोट गाउँपालिकामा उत्सर्जित फोहोरलई जैविक र अजैविक गरी वर्गिकरण गर्ने र जैविक फोहोरबाट प्राङ्गारिक मल र अजैविक फोहोरको उचित व्यवस्थापनका लागि वडा नं २ को कोलिया क्षेत्रमा संरचना निर्माण गरी व्यवस्थित गरिनेछ ।

११६.**हुप्सेकोटको सान, टोल सरसफाई अभियान** अन्तर्गत यस गाउँपालिकामा रहेका टोल विकास संस्थालाई सक्रिय बनाई फोहोर मुक्त गाउँपालिका बनाउन पहल गरिनेछ । उच्च मानवीय चाप भएको क्षेत्रमा सार्वजनिक शौचालय साथै किरियाघरको निर्माण गरिनेछ ।

११७.विपद् संवेदनशील क्षेत्रको पहिचान एवं नक्साङ्कन गरि सम्भावित क्षेत्रमा Early Warning System जडान गरिनेछ । बहु विपद्को उच्च जोखिमबाट हुन सक्ने सम्भावित क्षतिको पूर्वानुमान, पूर्व सूचना एवं पूर्व तयारीका साथ राहत, उद्धार, पुनर्स्थापना तथा पुनर्निर्माणका कार्यलाई जोड दिइनेछ ।

११८.जलवायु परिवर्तनका असर न्यूनीकरण, बढ्दो तापमानलाई सन्तुलन एवं बाढी, पहिरो, नदी कटानलाई नियन्त्रण गर्न वन तथा वातावरणसँग सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरी पर्यावरण संरक्षणमा स्थानीय नागरिकहरुको सहकार्य र स्थानीय प्रविधिमा आधारित वातावरणमैत्री र सहभागितामूलक संरचना निर्माण गरिनेछ । यस गाउँपालिका वडा नं. ४, बुद्धचोकस्थित वातावरणमैत्री बुद्धपार्कको निर्माण गरिनेछ ।

११९.समुदाय र प्रकृतिमा आधारित अनुकुलनलाई प्राथमिकता दिई जोखिम नियन्त्रणको लागि **प्रकृतिमा आधारित समाधान (Nature Based solution)** लाई जोड दिइनेछ।

सभाका सदस्यहरु,

१२०.सार्वजनिक सेवालाई स्वच्छ, सक्षम, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी एवं सहभागितामूलक बनाउन कर्मचारी संगठन, संरचना, दरबन्दी र कार्यविवरण समयानुकूल अद्यावधिक गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणलाई पुनरावलोकन गरिनेछ। जनप्रतिनिधि, कर्मचारी एवं सेवाग्राही बीचको त्रिकोणात्मक सम्बन्धमा थप सुधार ल्याई सार्वजनिक जवाफदेहीता अभिवृद्धि गरिनेछ।

१२१.नीति, कानून, योजना तथा निर्णयहरु नियमित रुपमा वेभसाइट मार्फत सार्वजनिक गर्ने र प्राप्त पृष्ठपोषणलाई नीति, कानून तथा योजनामा समावेश गर्ने व्यवस्था गरिनेछ । मध्यकालीन खर्च संरचना मार्फत नीति, आवधिक योजना, कार्यक्रम र बजेटसँग अन्तरसम्बन्ध कायम गरिनेछ।

१२२.गाउँपालिकाको संगठनात्मक संरचना, कर्मचारीको कार्यविभाजन तथा कार्यजिम्मेवारीलाई कार्यसम्पादनमैत्री र जनमुखी बनाई संस्थागत सुशासन प्रवर्द्धन गरिनेछ । सेवा प्रवाहमा निरन्तर सुधारको लागि सेवाग्राही सन्तुष्टि सर्वेक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा तेस्रो पक्ष मूल्यङ्कनका कार्यक्रमहरु संचालन गरिनेछ।

१२३.कर्मचारीको कार्यक्षमता एवं कार्यदक्षता अभिवृद्धि गर्न स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान सगँको साझेदारीमा विभिन्न क्षमता विकास एवं तालिमका कार्यक्रमहरु संचालन गरिनेछ।

१२४.शासकीय लाभलाई नागरिकस्तरमा प्रवाहको लागि कर्मचारी प्रोत्साहन प्रणालीलाई नतिजा तथा कार्यसम्पादनमा आधारित बनाउन आवश्यक कानूनी प्रबन्ध गरिनेछ। करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गरिनेछ।

१२५.कार्यस्थलमा सकारात्मक व्यवहार, सेवा संस्कार र कुशल नागरिक संवादको विकास गर्न व्यवहारगत तालिम तथा मनोवैज्ञानिक सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ। सेवाको न्यूनतम स्तर र मापदण्ड निर्धारण गरी गुणस्तर सुनिश्चित गर्ने तथा सो को नियमित अनुगमन र मूल्याङ्कन गर्ने परिपाटीको विकास गरिनेछ।

१२६.विद्युतीय खरिद प्रणाली मार्फत गाउँपालिकाको खरिद प्रक्रियालाई थप पारदर्शी तुल्याइनेछ । चालू खर्चलाई मितव्ययी बनाउन विभिन्न विषयगत शाखाबाट संचालन गरिने कार्यक्रमहरु एकीकृत घुम्ती शिविर मार्फत संचालन गरिनेछ ।

सभा सदस्यहरु,

१२७.नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिधिभित्र रहि राजश्व संकलनका सबै सम्भावना र क्षेत्रहरुको खोजि गर्दै राजश्व सुधार कार्ययोजना तयार गरी प्रगतिशील र समतामुलक करका दरहरु निर्धारण गरिनेछ । आन्तरिक श्रोत परिचालनका लागि कर र गैरकर राजस्व परिचालन सम्बन्धी कानून, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गरिनेछ ।

१२८.राजश्व पहिचान र सम्भाव्यता अध्ययनका लागि राजश्व परामर्श समितिलाई क्रियाशिल बनाइनेछ । राजश्व परिचालनका विद्यमान कानूनी व्यवस्था तथा वित्तिय साक्षरता सम्बन्धमा जनप्रतिनिधि, कर्मचारी, समुदाय, व्यवसायी तथा सरोकारवाला लागि सचेतना कार्यक्रम संचालन गरिनेछ ।

१२९.राजश्व सुधार कार्ययोजना तर्जुमा गरी सम्भाव्य करको क्षेत्र पहिचान गरी कर संकलनको लागि Recreation सँग सम्बन्धित भौतिक पूर्वाधारको विकासमा जोड दिइनेछ । कर लगाउदा वातावरणीय तथा पर्यावरणीय संरक्षण तर्फ विशेष ध्यान दिइनेछ ।

१३०.स्थानीय बासिन्दामा "**घरै बसी तिरौ कर, समृद्ध हुप्सेकोट हाम्रै भर"** भन्ने भवना जागृत गराई मोवाईलको माध्यमबाट सुत्रमा आधारित प्रणाली मार्फत क्यू आर कोडबाट कर तिर्ने व्यवस्था मिलाईनेछ ।

१३१.राजस्व प्रशासनमा सूचना प्रविधिको अधिकतम प्रयोग मार्फत राजस्व संकलनलाइ प्रभावकारी बनाइनेछ । कर प्रशासनलाई सेवाग्राहीमैत्री बनाउने र सेवा प्रवाहलाई राजस्व परिचालनसँग आवद्ध गरी आन्तरिक आय वृद्धि गर्दै लगिनेछ ।

१३२.हाटबजार सञ्चालन र कवाडी जन्य वस्तु संकलन तथा बिक्रि व्यवस्थापनलाई ठेक्का माध्यमबाट करको दायरामा ल्याइनेछ ।

सभाका सदस्यहरु

१३३.योजना आवश्यकताको पहिचान, तर्जुमा, कार्यान्वयन, अनुगमन तथा सुपरीवेक्षण, समीक्षा, मूल्यांकन र सिकाईको चक्रलाई सहभागितामूलक र नतिजामुखी बनाउँदै लगिनेछ । सीमित स्रोत, साधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा उपयोग गर्ने र बहुप्रतिफलमूखी र अधिक लाभ पुग्ने स्थानमा योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ।

१३४.राष्ट्रिय नीति, हुप्सेकोट गाउँपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचनाको मार्गदर्शनलाई आधार मानी विगतका अधूरा कार्य समेत सम्पन्न गर्ने गरी योजना तर्जुमाको व्यवस्था गरिनेछ।

१३५.स्थानीय अभिलेख व्यवस्थापन गर्नका लागि छुट्टै अभिलेख व्यवस्थापन शाखा खडा गरी जनशक्ति परिचालन गरिनेछ । सार्वजनिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख गरिनेछ। सूचना प्रविधिको पूर्ण उपयोग गरी स्थानीय अभिलेखको सुरक्षित भण्डारण र उचित व्यवस्थापन गरिनेछ।

अन्त्यमा,

यस नीति तथा कार्यक्रम तर्जुमा गर्न राय सुझाव दिनुहुने संघ तथा प्रदेशका माननीयज्यूहरु, विभिन्न राजनितिक दल, नागरिक समाज, विभिन्न संघसस्था, सञ्चारकर्मी लगायतका सामुदायिक क्षेत्र, निजि क्षेत्र एवं देश विदेशमा रहनुभएका समस्त हुप्सेकोटबासीहरुलाई धन्यवाद व्यक्त गर्दछु। यस नीति तर्जुमा गर्न अहोरात्र खटिइ सहयोग गर्नुहुने सम्पुर्ण जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरुलाई विशेष धन्यवाद व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा आम हुप्सेकोटबासी दाजुभाइ दिदीबहिनीहरुको पूर्ण सहयोग रहनेछ भन्ने विश्वास लिएको छु।

धन्यवाद।